सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १३६ | वि.सं. २०७९ पुस ०१ गते शुक्रबार | 16, 2022 Friday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## नारायणी अस्पताल वीरगन्जमा अठाईस वटा डायलाईसिस मेसिन सुचारू ।

बिरगंज । पर्साको बिरगंज महानगरपालिकामा रहेको नारायणी अस्पतालले अब देखी २२ वटा डाइलेसिस मेशिन सुचारु गरेको छ । नारायणी अस्पतालमा मात्र ७ ओटा डाइलेसिस मेशिन सुचारु रहेकोमा अब देखि २२ वटा डाइलेसिस मेशिन सुचारु गरिएको नारायणी अस्पताल वीरगन्जले जनाएको छ । तर नारायणी अस्पतालका मेसु डा बिरेन्द्र बहादुर प्रधानले आफनो अन्तिम कार्यकालमा थप १५ वटा मेसिन जडान गरेका छन । जादाजादै उपहारमा गरिव तथा विपन्न वर्गहरुलाइ सेवा र सुभिदा होस भन्दै मेसु प्रधानले जानकारी दिएका छन ।



नारायणी अस्पतालमा लामो समयदेखि डाइलेसिसको समस्या रहेकोमा अब त्यसको अन्त भएको छ । नारायणी अस्पतालमा निमित्त प्रमुखका रुपमा सुपरिटेन्डेन्टडन विरेन्द्र बहादुर प्रधान नियुक्त भए देखि अस्पताललाई कसरी सुधार गर्ने भन्ने चिन्ता रहेकोमा अहिले अथक उहाँको प्रयासले २२ वटा डाइलेसिस मेसिन जडान भएको छ।

नारायणी अस्पतालमा पहिला ४/५ वटा मात्र डाइलेसिस मेसिन रहेकोमा गरिव तथा विपन्न वर्षका मानिसहरु महगो शुल्क तिरेर डाइलेसिस गदै आइरहेकोमा उहाँले मनोज केडिया संग समन्वय गरि सिद्धार्थ बैंकले ५५ लाख र निजी दाताले ५ लाख खर्च गरेर १२ वटा डाइलेसिस मेसिन खरिद गरेको र ५ वटा विभागले उपलब्ध गरेको मेसु प्रधानले बताएका छन्।

नारायणी अस्पताल संग अब प्रख्यात मात्र डाइलेसिस भएकोले आफू

***बाँकी तेश्रो पृष्ठमा***

## पालिका स्तरीय ३ दिने पूर्व तयारी कार्ययोजना कार्यशाला गोष्ठी कार्यक्रम समापन्न




**रामजी यादव २९ मंसीर ।** पर्साको बहुदरमाई नगरपालिकाको कार्यालयमा पालिका स्तरीय ३ दिने पूर्व तयारी कार्ययोजना कार्यशाला गोष्ठी कार्यक्रम आज समापन्न भएको छ।बहुदरमाई नगरपालिकाका उप-मेयर सुष्मा कुमारी कुशवाहाको अध्यक्षतामा तथा नगर

***बाँकी तेश्रो पृष्ठमा***

## रानीघाटको ४ वटा चामल गोदाममा प्रहरीको छापा, ठूलो परिणाममा चामल बरामद



वीरगञ्ज - वीरगञ्जको वडा नम्वर ११ रानीघाटमा रहेका चामल गोदाममा छापामारी गरी प्रहरीले चामल नियन्त्रणमा लिएको छ ।

राजश्व छली भारतबाट चामल भित्र्याइएको सूचनाको आधारमा छापामारी गर्दा ठूलो परिमाणमा चामल बरामद भएको वडा प्रहरी कार्यालय विर्ताका प्रमुख प्रहरी निरीक्षक विशाल मल्लले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय पर्सा र वडा प्रहरी कार्यालय विर्ताको संयुक्त टोलीले

***बाँकी तेश्रो पृष्ठमा***




## देशभर चिसो बढ्यो, सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयको आग्रह

काठमाडौं । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपत्यकासँग मुलुकभर चिसो बढेसँगै सतर्कता अपनाउन सबैलाई आग्रह गरेको छ ।

मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार ठाकुरले जाडो महिनामा केही रोगको प्रकोप बढ्ने भएकोले सर्तकता अपनाउन आग्रह गरेका हुन् ।

केही दिनदेखि चिसो बढ्दै गएपछि ज्येष्ठ नागरिक, दीर्घरोगी, बालबालिका र गर्भवती महिला विशेष सावधान अपनाउन उनले आग्रह गरे । तथ्याङ्क अनुसार आज विहान काठमाडौं उपत्यकाको तापक्रम ७.६ डिग्रीमा झरेको छ ।, चिसोबाट बच्न न्यायो लुगा लगाउन,

***बाँकी तेश्रो पृष्ठमा***

## कलैया बजारबाट बाल श्रम र श्रम शोषण अन्त्य गर्न मेयरसाहको प्रतिबद्धता

**कलैया,**
**संरक्षण नेपाल बाराको आयोजनामा श्रम शोषणसँग स्थागमन तथा मानव बेचविखन मुद्दाहरु सम्वोधनका लागि बाल श्रम र लैङ्गिक हिंसा अन्त्य सम्वन्धी विहिवार कलैया उप महानगरपालिकाको सभा हलमा एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।**

**कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख विनोद साहले कलैया बजारबाट बाल श्रम र श्रम शोषण अन्त्य गर्न प्रतिबद्धता व्यक्त गरेका छन्। सरोकार बाला मिलेर कलैया बजार अनुगमन गरि होटेल अन्य व्यवसायमा**




**काममा रहेकालाई उचित व्यवस्थापन गर्न बताए। अवस्था र वाध्यतालाई सूक्ष्म रुपले केलाएर अगाडी बढ्न दृढ रहेको उनले थपे ।बाल श्रमिकको तथ्याँक संकल्न जति सक्दो चाँडो तयार गरि वालश्रम निर्मुल गर्न कुरा बताए। महिला हिंसा २ वर्ष यता न्यून रहेको बताए। नगर उप प्रमुख रोशन प्रविणले नगरपलिकाको साथ समर्थन रहने बताईन। प्रमुख प्रशासकिय अधिकृत नाथु साहे वालवालिकाको क्षेत्रमा अग्रणी रुपमा काम गरिरहेका संरक्षण नेपालसँग हाते माले गर्ने बताए।**

**बोर्डर प्रहरी चौकी मटिअर्वा , बसतपुर र मुसहर्वाका प्रहरीले मानव बेचनको बारे बताएका थिए। यसै गरि जिल्ला प्रहरी कार्यलयका महिला वालवालिका ज्येष्ठ नागरिक शाखाका सहायक प्रहरी निरिक्षक रागनी यादवले बाल श्रमको मुददा नपरेको लैङ्गिक हिंसा उजुरी र कार्यवाही बारे बताईन।यसै क्रममा १७ जना वालवालिका फेला**

***बाँकी तेश्रो पृष्ठमा***



# ज्योती जागरण

दैनिकको लागि

प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा

कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)

अतिथी सम्पादक : कृष्णा कुशवाहा

विशेष प्रतिनिधी : मुस्तुफा आलम

कानूनी सल्लाहकार : पन्नालाल गुप्ता

कार्यालय : वीरगञ्ज-१३ राधेमाई,

इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


## त्रिशंकु संसद्मा सरकार गठन

**गान्धी पण्डित**

संसदीय निर्वाचनमा कुनै पनि राजनीतिक दलले बहुमत प्राप्त गर्न नसकेकाले कुनै एउटाले नेपालको संविधानको धारा ७६ को उपधारा (१) बमोजिम एकलौटी सरकार गठन गर्ने अवस्था देखिँदैन । त्यसैले यो संसद् त्रिशंकु बन्न पुगेको छ ।

त्रिशंकु संसद् अनपेक्षित रूपमा स्वतः नभई नेपाली कांग्रेस, माओवादी केन्द्र एवं एकीकृत समाजवादी पार्टीले गठबन्धन गरी निर्वाचनमा भाग लिएका कारण नै बन्न पुगेको हो । त्रिशंकु संसद्मा संविधानको धारा ७६ ले सरकार गठनका लागि कस्तो संवैधानिक व्यवस्था गरेको छ, त्यसबारे यस आलेखमा विश्लेषण गर्न खोजिएको छ ।

दलीय समर्थनमा सरकारको गठन : संविधानको धारा ७६(१) मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमतप्राप्त पार्टीको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । यदि संसद्मा कुनै दलको बहुमत आउन सकेन भने उपधारा (२) बमोजिम प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गरी सरकार गठन गर्न सकिन्छ ।

जसरी उपधारा (१) बमोजिम प्रधानमन्त्री नियुक्त हुनका लागि कुनै पार्टीको संसदीय दलको नेता हुनुपर्छ, त्यसरी नै उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्त हुने व्यक्ति कुनै संसदीय दलको नेता हुनु जरुरी पर्दैन, केवल दुई वा दुईभन्दा बढी दलको बहुमतको समर्थन पाउन आवश्यक पर्छ । उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ ।

बढी सांसद भएको दलको सरकार : उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकी हट्नुपरेमा वा बहुमतको सरकार गठन हुन नसकेमा उपधारा (३) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको पार्टीको संसदीय दलको नेता प्रधानमन्त्री हुन सक्छ । त्यसरी नियुक्त प्रधानमन्त्रीले पनि उपधारा (४) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ ।

विश्वासको मत प्राप्त गर्न सक्ने जुनसुकै सांसदको सरकार : उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकी हट्नुपरेमा उपधारा (५) मा प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने व्यक्ति प्रधानमन्त्री हुन सक्ने व्यवस्था छ ।

त्यसरी नियुक्त प्रधानमन्त्रीले पनि उपधारा (६) बमोजिम ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ ।

मध्यावधि चुनाव : उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले पनि प्रतिनिधिसभाबाट विश्वासको मत पाउन नसके उसैले प्रतिनिधिसभा विघटनका लागि सिफारिस गर्नुपर्ने हुन्छ । सो सिफारिसपछि राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरेर ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन हुने गरी मिति तोक्नुपर्छ ।

प्रधानमन्त्री नियुक्तिका सम्बन्धमा धारा ७६ को विश्लेषण गर्दा के स्पष्ट हुन्छ भने, उपधारा (१) र (३) अनुसार कुनै दलको संसदीय नेता मात्र प्रधानमन्त्रीमा नियुक्ति हुन पाउँछ भने उपधारा (२) र (५) बमोजिम संसदीय नेता नभएको कुनै पनि प्रतिनिधिसभा सदस्य प्रधानमन्त्री बन्न सक्छ । त्यसरी प्रतिनिधिसभा सदस्यका हैसियतले प्रधानमन्त्रीमा नियुक्ति हुन उपधारा (२) अनुसार दलीय समर्थनको आवश्यकता पर्छ भने उपधारा (५) बमोजिम प्रतिनिधिसभा सदस्यहरूको व्यक्तिगत समर्थनका आधारमा पनि सम्भव हुन्छ । उपधारा (५) बमोजिम कुनै पनि प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा गरिने मतदानमा ह्वीप लाग्दैन ।

सिद्धान्ततः नेपानको संविधानले एक पटक प्रतिनिधिसभाको निर्वाचनपछि कम्तीमा दुई वर्षसम्म एक व्यक्ति मात्र प्रधानमन्त्रीमा रहन सकोस् भनी परिकल्पना गरेको छ । त्यसैले संविधानको धारा १०० को उपधारा (४) मा प्रधानमन्त्रीमा नियुक्त भएको मितिले दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेस गर्न सकिने छैन भनेको छ ।

तर, त्यस्तो व्यवस्था हुँदाहुँदै पनि उपदफा (२), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) र (६) बमोजिम विश्वासको मत प्राप्त गर्न सकेन भने, स्थायी सरकार दिन नसकेकामा प्रतिनिधिसभा विघटन गरी मध्यावधि चुनाव गर्नुपर्ने हुन्छ ।

विश्वासको मत र अविश्वासको प्रस्ताव : संविधानको धारा ७६ मा विश्वासको मत र धारा १०० मा अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था छ ।

धारा ७६ को व्यवस्था अनुसार, प्रतिनिधिसभामा बहुमतप्राप्त पार्टीको संसदीय दलको नेताका आधारमा नियुक्तबाहेक उपधारा (२), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले आफू नियुक्त भएको मितिले ३० दिनभित्र संसद्बाट विश्वासको मत लिनुपर्ने हुन्छ । धारा १०० को उपधारा (२) अनुसार प्रधानमन्त्रीले आफूले प्रतिनिधित्व गरेको दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो

बाँकी तेश्रो पृष्ठमा

## उत्तरवैचारिक र सत्योत्तर राजनीति

**अच्युत वाग्ले**

नेपालको संघीय संविधान लागू भएपछिको दोस्रो संसदीय चुनाव सकिएर नतिजा आएको छ । संघीय र सातै प्रादेशिक संसद्मा कुनै एउटा दलको एक्लै सरकार बनाउन पुग्ने बहुमत नआएकाले मिलीजुली गठबन्धन सरकार बनाउने अंकगणितीय सम्भावनाहरूबारे लेखाजोखा सुरु भएको छ ।

संघीय संसद्मा सबभन्दा ठूलो दल बनेको नेपाली कांग्रेस र दोस्रो ठूलो दल एमालेको सिट संख्या क्रमशः ८९ र ७८ छ र सरकार निर्माणका लागि चाहिने १३८ को संख्या जुटाउन दुवैलाई सहज छैन । सत्ताको च्याँखे दाउमा निर्णायक हुने अरू साना दलहरूको राजनीतिक दलाली फुर्तीसाथ अगाडि आएको छ ।

नयाँ गठबन्धन बनाउन कसले बाजी मार्ला अथवा हिजोको पाँचदलीय गठबन्धन टिक्ला कि नटिक्ला भन्ने जोडघटाउको खेल बडो उत्सुकताका साथ हेरिएको छ । केन्द्रमा बन्ने गठबन्धनको प्रकृतिले प्रदेशहरूमा सरकार बन्ने समीकरणहरू प्रभावित हुनेछन् । चर्चा पनि कोरा अंकगणितकै मात्र छ । कुनै पनि दल अर्को कुन दलसँग मिल्छ वा छुट्टिन्छ भन्ने अनुमान लगाउन यस्तो मुस्किल र समीकरणहरू यति धेरै तरल किन भएका छन् भने, कुनै पनि दल सत्ता समीकरणमा सामेल हुने अथवा नहुने आधारका रूपमा दार्शनिक, नैतिक र व्यावहारिक सामीप्य वा दूरी प्रस्ट छैनन् । सबै स्थापित भनिएका दलहरू वैचारिक धरातल पूर्णतः शून्य भएझैं सत्ताप्राप्तिलाई आफ्नो एकल लक्ष्य बनाइरहेका देखिन्छन् ।

नयाँ उदाएका साना दलहरू, खास गरी राष्ट्रिय स्वतन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको वैचारिक झुकाव अझै वामपन्थ, दक्षिणपन्थ वा मध्यमार्ग के हुन्छ, स्पष्ट किटान भइसकेको छैन । नयाँ गठबन्धन बन्ने वा नबन्ने आधार सम्भावित साझेदारहरूका मुलुकका जल्दाबल्दा मुद्दाहरूलाई हेर्ने र समाधान गर्ने साझा दृष्टिकोण वा कार्यक्रमहरू पनि तयार भइरहेका छैनन् । बौद्धिक विलासिताका लागि यी बन्ने-बिग्रने गठबन्धनहरू वैचारिक रूपले प्राकृतिक वा संगतिपूर्ण भए वा भएनन् भन्ने बहस पनि किनारामा भइरहेका छन् । यदि सबै दल विचारशून्य नै भइसकेका हुन् भने बहसको यो कोण नै असान्दर्भिक छ । मूल प्रश्न नेपाली राजनीति विचार र मुद्दाहरूभन्दा कति टाढा पुग्यो भन्ने हो । विश्वराजनीतिको बदलिँदो परिदृश्यको छाया पनि यसमा कुनै न कुनै रूपमा परेको छ नै ।

विचारहरूको मृत्यु

जापानी मूलका अमेरिकी राजनीतिशास्त्री फ्रान्सिस फुकुयामाले 'इतिहासको अन्त्य' शीर्षकको आलेख (द न्यासनल इन्ट्रेस्ट जर्नल, अंक १६, ग्रीष्म संस्करण, सन् १९८९) मार्फत, बर्लिनको पर्खाल भत्किएर सोभियत संघको विघटन भएपछि संसारबाट बहुल राजनीतिक विचारधाराहरूको पनि अन्त्य भएको तर्क गरे । उनले ठोकुवा गरे, खास गरी वंश परम्पराको राजतन्त्र, फासीवाद र पछिल्लो समयमा साम्यवादलाई परास्त गरेपछि उदारवादी लोकतन्त्रको वैधानिकताले अबको शासन प्रणालीका रूपमा विश्वव्यापी सहमतिको रूप धारण गरेको छ । र, उदारवादी लोकतन्त्र नै 'मानवजातिको वैचारिक क्रमिक विकास (इभोलुसन) को अन्तिम विन्दु', 'मानवीय शासनको अन्तिम स्वरूप' र, यसर्थ, 'इतिहासको अन्त्य' भएको छ । अरू शासन प्रणालीहरू गम्भीर कमजोरी, अन्तरविरोध र असंगतिहरूका कारण पतन भए अनि उदार लोकतन्त्र यस्ता विरोधाभासहरूभन्दा आधारभूत रूपले नै फरक हो ।

फुकुयामाले वास्तवमा विचारधारहरूको प्रतिस्पर्धाको अन्त्यको तर्कको आधार वैचारिक महान् भाष्य (मेटा न्यारेटिभ्स), समाजवाद, साम्यवाद, फासीवाद, अधिनायकवाद आदिको अन्त्य भएको र सबैलाई उदार लोकतन्त्रले विस्थापित गरेको जिकिर गरेका थिए ।

अथवा, उदार लोकतन्त्रको एउटा महान् भाष्य निरन्तर रहने परिकल्पना थियो । फुकुयामाले पछिल्लो समय आफ्ना यी निष्कर्षहरूलाई सच्याएको दावी गरेका छन् ।

तर पनि, राजनीतिक विचारधाराहरूको अन्त्यबारे उनले सुरु गराएको बहस अनेकौं रूप र गाम्भीर्यमा निरन्तर भइरहेको छ । सन् १९९० को दशकमा विकसित 'पहिचान ( आइडेन्टिटी) र स्वीकृति (रिकग्निसन)' को राजनीतिको उत्तरवैचारिक युगले भने उदारवादी लोकतन्त्रसहित सबै महान् भाष्यहरूको औचित्यलाई चुनौती दियो । यो बहसका अनेकौं कोण र तर्क थिए र छन् ।

पहिचानले विचारको महत्तवलाई विस्थापित नै गरेको हो या घटाएको हो ? कि सांस्कृतिक आदि पहिचानहरूलाई महत्तव नदिएका पुराना राजनीतिक विचारधाराहरूलाई स्वीकृतिको राजनीतिले उछिनेको हो ? यी नयाँ प्रश्नहरूले पहिचानको राजनीति र विचारको राजनीतिलाई विपरीत ध्रुवमा उभ्याएको देखिन्छ ।

यो द्वैधतालाई अमेरिकी दार्शनिक रिचर्ड रोर्टीले विचारमा आधारित राजनीति (आइडियोलोजिकल पोलिटिक्स) र मुद्दामा आधारित राजनीति (इस्यु पोलिटिक्स) लाई क्रमशः आन्दोलन (मुभमेन्ट) र अभियान (क्याम्पेन) मा वर्गीकरण गरेर पर्गेल्न चाहे (हेर्नुस्– जर्नल अफ डिसेन्ट, मुभमेन्ट्स एन्ड क्याम्पेन्स, हिउँद अंक, सन् १९९५) । विविध विचारधाराहरू फरक आन्दोलन हुन्, मार्क्सवाद, साम्यवाद वा उदारवाद आदि सबै ।

तिनले सामाजिक रूपान्तरणको कुनै महान् र महत्तवपूर्ण लक्ष्य राखेका हुन्छन् । ती अनन्तकालसम्म सान्दर्भिक रहने अघोषित मान्यता छ । खास संगठनहरूका राजनीतिक क्रियाकलापहरूलाई यिनै विचार वा आन्दोलनले निर्देशित गर्छन् । उपलब्धि जे-जस्तो होस्, यसमा लागेकाहरूलाई यो आन्दोलनको आदर्श र नाम नै सबै थोक र सर्वप्रिय लाग्छ ।

मुद्दामा आधारित राजनीति मौसमी हो । वातावरण संरक्षण, अल्पसंख्यकको अधिकार, भ्रष्टाचार नियन्त्रण, सुशासन, सस्तो शिक्षा, आरक्षण वा न्यून करका मुद्दाहरू राजनीतिक शक्ति आर्जनका माध्यम बन्न सक्छन् । त्यो विशुद्ध अभियानको राजनीति हो । अढाई दशकयता विश्वभर नै यस्तो पहिचान र स्वीकृतिको राजनीतिले विशुद्ध विचारको राजनीतिको शौर्य र आकर्षणलाई धेरै हदसम्म खुम्च्याइदिएको छ ।

एक दशकयता सत्योत्तर राजनीति (पोस्ट-ट्रुथ पोलिटिक्स) ले वैचारिक र केही हदसम्म पछि जन्मिएको पहिचान एवम् मुद्दाको राजनीतिलाई पनि छायामा पारिरहेको छ । सूचना प्रविधिको तीव्र विकास र सामाजिक सञ्जालहरूको व्यापक प्रयोगले भ्रम र उग्र राष्ट्रवादी भावना उद्वेलनको 'पोस्ट-ट्रुथ' राजनीति गर्नेहरूलाई सहज भएको छ ।

पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको शैली (मोडस अपरान्डी) पोस्ट-ट्रुथ राजनीतिको मुख्य मानक भएको छ । 'फेक न्युज' को बाढी नै छ ।

कुनै पनि जानकारीबारे तथ्यको गहिराइमा नपुगी र सत्यको परख नगरी निर्णयमा पुग्ने पुस्ता अहिले मूलधारका मतदाता छन् । पोस्ट-ट्रुथबाट पर, थोरै सचेतहरू पनि मुद्दाको राजनीतिभन्दा माथि उक्लिएका छैनन् ।

यसबाट अगाडि बढेर कम्तीमा पहिचान वा सकेसम्म वैचारिक राजनीतिमै उक्लिने प्रयास नेपालका नयाँ-पुराना राजनीतिक दलहरूले वर्तमानमा गरेको देखिएको

बाँकी तेश्रो पृष्ठमा

## अमेरिका र नागरिक स्वतन्त्रता

**विमला भण्डारी**

नागरिकमात्र नभई हरेक व्यक्ति अमेरिकामा कानुनी दायरामा रहेर स्वतन्त्रतापूर्वक आफूले चाहेको जीवन बाँच्न पाउँछ।

सधैं कर्ममा विश्वास गरें, फलको आशा कहिल्यै गरिनँ। नाफाघाटा र फाइदाबेफाइदाको पत्रकारिताको कहिल्यै गरिएन। पत्रकारिताको मूल मर्मलाई जीवनकै धर्म मानी कर्मपथमा अनवरत लागिरहियो।

पेसाको माध्यमबाट समाज र राष्ट्रलाई केकति योगदान दिन सकें, त्यसको लेखाजोखा आफूले कहिल्यै नगरे पनि इतिहासले त अवश्य गर्दो रहेछ। आफूले जीवनभर पुऱ्याएको निस्वार्थ योगदानको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट कदर हुँदा खुसी नहुने कुनै कर्मयोगी होला र ? सायद यसैको एक अंश होला, अमेरिकी सरकारको विदेश मन्त्रालयको निमन्त्रणामा विश्वविख्यात इन्टरनेसनल भिजिटर्स लिडरसिप प्रोग्राम (आईभीएलपी) को लागि तीन साता लामो अवलोकन भ्रमणमा गत अगस्ट दोस्रो साता अमेरिका जान पाउँदा खुसीले भावविभोर बनायो।

अविस्मरणीय पल

कवि डब्लू बी. यिट्सले भनेका छन्– 'समय नआई गुलाफ पनि फुल्दैन।' मेरा लागि सुखद् संयोगहरूको शृंखला कवि यिट्सको यही भनाइसँग मेल खान गयो। जीवनको यो क्षणमा खुसीहरू गुलाफजस्तै फुलेको अनुभूत मैले गरें।

पत्रकारिताको लामो अन्तरालपछि प्राप्त भएका एकपछि अर्को अवसर र सम्मानले मलाई क्षणभरका लागि भावविभोर बनायो। सायद यसैको संकेत होला - अमेरिकी सरकारको विदेश मन्त्रालयको निमन्त्रणामा इन्टरनेसनल भिजिटर्स लिडरसिप प्रोग्राम (आईभीएलपी) को क्रममा एक महिना लामो अमेरिकाको भ्रमण, राजधानी वासिङ्टन डीसी र अन्य विभिन्न राज्यहरूमा आयोजित अमेरिकी उच्च अधिकारीहरूसँगको महत्त्वपूर्ण छलफल, बैठकहरू, कार्यक्रमहरू, उच्चकोटीको सम्मान, स्तरीय बसाइ नेपालको पत्रकारको लागि निकै गौरवपूर्ण र अविस्मरणीय रहे।

नेपाली पत्रकारलाई अमेरिकी सरकारबाट प्राप्त त्यो अवसर र सम्मानलाई अमेरिकामा रहेका नेपाली डायस्पोराको तर्फबाट पनि अर्थपूर्ण र सम्मानको दृष्टिले हेरिँदो रहेछ।

त्यहाँ रहेका विभिन्न नेपाली संघसंस्थाहरू खासगरी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) द्वारा प्रदान गरिएको 'नवरत्न सम्मान' र आफन्त तथा प्रियजनहरूबाट अमेरिकामा पाएको न्यानो स्वागत र सम्मान मेरो जिन्दगीका डायरीमा कुँदिएका अविस्मरणीय पलका रूपमा रहेका छन्। तिनै खुसीहरूको लहरमा एउटा अर्को खुसी संविधान दिवसका दिन राज्यबाट थपियो- पत्रकारिताका माध्यमबाट समाजमा पुऱ्याएको योगदानको कदर गर्दै नेपाल सरकारबाट प्रदान गरिएको 'जनसेवाश्री' सम्मान।

अझ एउटी कर्मयोगी महिला पत्रकारलाई नेपालकै प्रथम महिला राष्ट्रपतिद्वारा सम्मानबाट सुशोभित हुँदाको क्षण त मेरो लागि जीवनकै सर्वोत्कृष्ट पल रहन गयो। क्षणभरको लागि अनुभूति भयो- कहिलेकाहीँ लामो सन्नाटापछि खुसीहरू एकैसाथ आउँदा रहेछन्।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त यी सबै अवसर र सम्मानहरू २२ वर्षदेखि पोखरालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गरिरहेकी एक महिलाका लागि अत्यन्तै सुन्दर र सुखद पलहरू बन्न गए, जसले अवसरसँगै खुसी र उमंग दिएको छ, नयाँ जोस, जाँगर र अनुभव दिएको छ, नयाँ पाठ पढाएको छ।

आईभीएलपी र अमेरिका

आईभीएलपीका क्रममा अमेरिकामा संघीय, राज्य र स्थानीय सरकार एवं विभिन्न संघ, संस्थाका अधिकारीहरूसँग विभिन्न तहमा भएका छलफल, भ्रमण, अनुभव र सिकाइहरू अविस्मरणीय र फलदायी रहे।

अमेरिका संसारभरिका मान्छेका लागि सपनाको देश हो। मलाई प्रजातन्त्र, मानवअधिकार र विकासमा विश्वकै उत्कृष्ट मुलुक मानिएको अमेरिका भ्रमण गर्ने हुटहुटी भने संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम ( यूएनडीपी) मा पोखरामा काम गर्दै गर्दा पलाएको थियो। अमेरिकाको न्यूयोर्कमा अवस्थित संयुक्त राष्ट्र संघको मुख्यालय पुग्ने चीरप्रतिक्षित अभिलाषा सन् २०२२ को आईभीएलपी कार्यक्रमले पूरा गरिदियो। यो अवसर अमेरिकाको लोकतन्त्र, नागरिक स्वतन्त्रता, यहाँको आर्थिक र भौतिक विकास, अर्थतन्त्र र नागरिक समाजलाई नजिकबाट बुझ्ने मौकामा परिणत भयो।

अमेरिकामा हरेक मान्छे आत्मसम्मानका साथ बाँच्न पाउँछ। श्रमका आधारमा कसैमाथि विभेद हुँदैन, बरु श्रमको सम्मान छ, त्यसैले मान्छेहरू श्रम गर्न संकोच मान्दैनन्। इतिहासको रक्षा र सम्मान गर्न अमेरिकाबाट सिक्नुपर्ने कुरा हुन्।

अमेरिकाको लोकतन्त्र संसारकै लागि अनुकरणीय छ। पारदर्शिता, जवाफदेहिता र नागरिकप्रतिको उत्तरदायित्व लोकतन्त्रका आधारहरू हुन्। यिनै आधारहरू हुन्, जसले अमेरिकाको लोकतन्त्र मजबुत र सर्वोत्कृष्ट बनाउने। अमेरिकामा हरेक मान्छे आत्मसम्मानका साथ बाँच्न पाउँछ। श्रमका आधारमा कसैमाथि विभेद हुँदैन, बरु श्रमको सम्मान छ, त्यसैले मान्छेहरू श्रम गर्न संकोच मान्दैनन्। इतिहासको रक्षा र सम्मान गर्न अमेरिकाबाट सिक्नुपर्ने कुरा हुन्।

हाम्रो मुलुकमा जस्तो हठात् अमेरिकामा कुनै पनि पुरातात्विक र ऐतिहासिक महत्त्वका

बाँकी अन्तिम पृष्ठमा

## उत्तरवैचारिक.......

छैन । पोस्ट ट्रुथको अहम् चरित्र हो–यसले 'वैचारिक' र 'मुद्दा' दुवै प्रकृतिको राजनीतिक बहसको वातावरण र 'स्पेस' लाई लगभग निमिट्यान्न पारेको छ ।

अन्य आम सञ्चारका माध्यमको सीमित पहुँच र अपुष्ट सामाजिक सञ्जालले पस्कने जानकारीको मात्रै दबदबा भएको नेपालजस्तो मुलुकमा पोस्ट ट्रुथको प्रभाव झन् बढी छ ।

नेपालमा नयाँ उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीको पृष्ठभूमिमा पोस्ट ट्रुथको योगदान अत्यधिक देखिन्छ । नागरिक उन्मुक्ति र जनमत पार्टीहरूको राजनीतिचाहिँ अझै पनि पहिचानप्रधान नै छ ।

यी दुइटै अवयवको मिश्रित योगदान पनि छुट्याउन मुस्किल हुने गरी चुनावी परिणामहरू आएका छन् । पश्चिमा मुलुकहरूमा फणा उठाएको दक्षिणपन्थी र बहुलप्रभुत्ववादी (मेजोरिटेरियन) राजनीतिमा पोस्ट ट्रुथ धेरै हदसम्म जिम्मेवार छ ।

नेपालमा ऽवात्तै बढेको दक्षिणपन्थी रुझानको राजनीतिलाई पनि त्यससँग तुलना गर्दा अन्यथा हुनेछैन । असहिष्णु शैली र शीघ्र एवम् तीव्र प्रतिक्रियामा आधारित 'पपुलिजम' पोस्ट–ट्रुथ पोलिटिक्सको मौलिक प्रवृत्तिका रूपमा देखिएको छ ।

वास्तवमा अहिले जसरी लामो इतिहास भएका राजनीतिक संगठनहरूबारेका चर्चा र बहस विचार, मुद्दा, पहिचान, उद्देश्य आदिप्रति बिलकुलै निरपेक्ष भएर अनुहार, पुस्ता, अंकगणित र समीकरणमा घनीभूत भएका छन्, त्यो पनि पोस्ट–ट्रुथ पोलिटिक्सकै एउटा रूप हो । यसले आम मानिसलाई समस्या समाधानको बाटो यही हो कि जस्तो लाग्ने गरी भावनात्मक बहसमा ल्याउन सक्छ । तर, मूल राजनीति नै व्यवहारवादका नाममा विचार, कार्यक्रम र मुद्दारहित ढंगले परिचालित भइरहने हो भने पुस्ता वा पात्र परिवर्तनले तात्त्विक फरक पार्दैन ।

विचारमा ऐंजेरु

महान् भाष्यमा आधारित भनिएका राजनीतिक शक्तिहरूले चाहेर–नचाहेर वा स्वाभाविक–अस्वाभाविक रूपमा 'पहिचान', 'स्वीकृति' र 'मुद्दा' मा आधारित राजनीतिक एजेन्डाहरूलाई आफ्ना विचार, कार्यक्रम र घोषणाहरूमा जोडजाड गर्ने र फुँदो–फुर्को थपेर आफ्नो वैचारिक पहिचानको सग्लो वृक्षमाथि ऐंजेरु थप्ने क्रम व्यापक छ ।

नेपालका दलहरूको उदाहरण यो प्रवृत्ति पहिल्याउन पर्याप्त छ । वैचारिक महान् भाष्यप्रति निःस्पृह तर पहिचान र स्वीकृतिको जगमा मधेशबाट उठेको संघीयता एवम् आरक्षणको मुद्दा र खासै बहसमा नल्याई संविधानको अंश बनाइएको धर्मनिरपेक्षतालाई पुराना र वैचारिक धरातलमा उभिएको दाबी गर्ने सबै साम्यवादी, लोकतान्त्रिक समाजवादीदेखि उदारवादीसम्मले, बाध्यतावश नै सही, आफ्नो वैचारिक आधारको अंश बनाएका छन् । उदाहरणका लागि, जनवादी केन्द्रीयताले क्रियाशील हुने मार्क्सवाद र राज्यशक्तिको निक्षेपीकरण गर्ने संघीयता सिद्धान्ततः परस्पर बेमेल अवधारणाहरू हुन् ।

तर यो ऐंजेरु विचारको मौलिक वृक्षभन्दा बढी आयतनको देखिँदै छ । साथमा, पहिचान र स्वीकृतिको मात्रै राजनीतिबाट उदाएका शक्तिहरू, दार्शनिक रोटीले भनेझैं, 'आन्दोलन' बन्न नसकेर क्रमशः पातलिँदै गएको 'अभियान' मा सीमित हुँदै छन् । तराई–मधेशबाहेकको पहिचान र स्वीकृतिको राजनीति (जस्तै– जनजाति, क्षेत्रीय पहिचान आदि) ले नेपालमा उल्लेख्य जनमत पाउन सकेको छैन ।

यी परिदृश्यहरूले नेपालमा क्रियाशील दलहरूको विशिष्ट वैचारिक पहिचानलाई धूमिल बनाएका छन् । यसरी, सबै दलको महान् भाष्यमा आधारित राजनीतिक पहिचानको चुरो खोक्रो भएपछि आवरण वा नाममा मात्र उनीहरूले आफू अर्कोभन्दा फरक रहेको दाबी गरिरहेका छन् । यही परिस्थितिलाई पनि बदलिँदो र नयाँ वास्तविकताका रूपमा स्विकारेर 'मुद्दा' मा आधारित सहकार्यमा रूपान्तरण गर्ने चेत दलका नेताहरूमा पलाएको भए त्यो पनि मुलुकका लागि बिलकुलै ताजा अवसर बन्न सक्थ्यो । सबै कोणबाट पूर्ण परनिर्भर भएको अर्थतन्त्र, भएको पैसा खर्च गर्न नसक्ने राज्य संयन्त्र, निकम्मा भएको शिक्षा प्रणाली, मौलाउँदो छाया अर्थतन्त्र, दयनीय सार्वजनिक सेवा, न्यून प्रतिव्यक्ति आय, चरम बेरोजगारी, निरन्तर प्रतिभा र पुँजी पलायन, संकटमा पुगेको कृषि, कुरूप सहरीकरण, चर्कंदो जलवायु परिवर्तनको जोखिम, बढ्दो क्षेत्रीय एवम् वर्गीय आर्थिक असमानता आदि मुद्दाहरू सम्बोधन गर्ने साध्य र साधनहरूबारेको सहमति–असहमति अबको राजनीतिक सहकार्यको आधार हुन सक्थ्यो । राष्ट्रिय बहस पनि त्यसमै केन्द्रित हुनु वाञ्छनीय थियो ।

तर भइरहेको के छ भने, एकातर्फ दलहरू विचारबाहेक अस्तित्वमै रहन सक्दैनन् भन्ने एक कोटिका बौद्धिकहरूको आग्रहपूर्ण बहस छ; हिजो चुनावका लागि बनेका र अब नयाँ सरकार गठनका लागि बन्ने दलहरूबीचको गठबन्धन सिद्धान्तनिष्ठ (प्रिन्सिपल्ड) र प्राकृतिक–अप्राकृतिक हो वा होइन भन्ने तर्क–वितर्कमा रुमलिएको छ ।

अर्कातर्फ, दलहरूले एक चरममा वैचारिक स्वत्व गुमाइसकेको र अर्को चरममा विशुद्ध सरकार गठनको अंकगणितमा मात्रै अर्जुनदृष्टि अड्याएको अवस्था छ । यसरी दलहरूले अँगालेको भनिएका सबै रङका महान् भाष्यहरू वर्तमान नेपाली राजनीति सञ्चालनका लागि असान्दर्भिक साबित भइसकेपछि गठबन्धन निर्माण, सरकार सञ्चालन र राजनीतिक स्थायित्वको व्यावहारिक बृहत् उद्देश्यका लागि मुद्दाहरूका आधारमा सहकार्य गर्ने संस्कार निर्माणको बाटो अख्तियार गर्नु वाञ्छनीय हुन्थ्यो ।

निर्णायक भनिएका दलहरू मुद्दाको राजनीतिबाट समेत स्खलित भइदिँदा राजनीतिमा जटिलताहरू थपिएका हुन् । जसले जोसँग पनि गठबन्धन गर्ने एउटै कोरा आधार अंकगणित बनाइनुले पोस्ट–ट्रुथको राजनीति गर्नेहरूको मनोबल र प्रभुत्व दुइटै बढेको हो । यसले निम्त्याउने राजनीतिक जोखिमको आकलन राजनीतिक र बौद्धिक कुनै पनि कोणबाट आरम्भ हुन सकेको छैन ।साभार : कान्तिपुर

## त्रिशंकु...

समर्थन फिर्ता लिएमा ३० दिनभित्र प्रधानमन्त्रीले प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने हुन्छ ।

संविधानको धारा १०० को उपधारा (४) मा अविश्वासको प्रस्ताव दर्ता कसरी गर्न सकिन्छ भन्नेबारे व्यवस्था छ । उपधारा (४) मा प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यमध्ये एकचौथाइ सदस्यले प्रधानमन्त्रीमाथि सदनको विश्वास छैन भनी लिखित रूपमा अविश्वासको प्रस्ताव पेस गर्न सकिने भनिएको छ । उपदफा (६) मा उपधारा (४) बमोजिम पेस भएको अविश्वासको प्रस्ताव प्रतिनिधिसभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्यसंख्याको बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदमुक्त हुने व्यवस्था छ ।

तर उपदफा (४) मा भनिएको छ–प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म र एक पटक राखेको अविश्वासको प्रस्ताव असफल भएको एक वर्षभित्र अविश्वासको प्रस्ताव पेस गर्न सकिनेछैन । यस उपदफाले धारा ७६ का उपधारा (१), (२), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले संसद्बाट एक पटक विश्वासको मत प्राप्त गरिसकेपछि ऊविरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नमिल्ने भनी निषेध गरेको छ ।

सामान्य रूपमा हेर्दा, एक पटक नियुक्त भई संसद्मा विश्वासको मत प्राप्त गरेको प्रधानमन्त्रीविरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नमिल्ने भन्ने देखिए पनि उक्त व्यवस्थाको एउटा अपवाद छ; त्यो हो धारा ७६(२) ।

धारा ७६ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गरी नियुक्त प्रधानमन्त्रीका हकमा दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नसकिने भए पनि धारा १०० को उपधारा (२) बमोजिम कुनै एक दलले आफ्नो समर्थन फिर्ता लिएमा त्यस्तो प्रधानमन्त्रीले उपधारा (३) बमोजिम संसद्बाट विश्वासको मत लिन सक्नुपर्ने र लिन नसकेमा पदबाट मुक्त हुने संवैधानिक व्यवस्था छ ।

त्यसैले धारा ७६ को उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीको पद कुनै पनि बेला समाप्त हुन सक्ने हुँदा यस व्यवस्था अनुरूप गठन हुने सरकार अस्थिर सरकार हुन्छ ।

त्यसबाहेक धारा ७६ का उपधारा (१), (३) र (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले एक पटक विश्वासको मत प्राप्त गरेपछि ऊविरुद्ध धारा १०० को उपधारा (४) बमोजिम दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नमिल्ने स्पष्ट व्यवस्था छ । यस अर्थमा धारा ७६ को उपधारा (२) भन्दा उपदफा (१), (३) र (५) बमोजिम गठन हुने सरकार बढी स्थिर हुन्छ । धारा ७६(२) बमोजिम सरकार गठन : धारा ७६ को उपधारा (२) बमोजिम सरकार गठन गर्न दलीय समर्थनबिना सम्भव छैन ।

उक्त धारामा दलीय समर्थनको आवश्यकता पर्ने हुँदा कुनै दलमा आबद्ध नभएका स्वतन्त्र सांसदको समर्थनमा सरकार गठनका लागि दाबी गर्न मिल्ने देखिँदैन, दलीय समर्थन नै आवश्यक पर्छ । उपधारा (३) र (५) बमोजिम सरकार गठन गर्दा भने दलीय समर्थनको आवश्यकता पर्दैन ।

संसदीय दलको नेता नभए पनि सरकार गठन : धारा ७६ का उपधारा (१) र (३) बमोजिम बहुमतप्राप्त पार्टीको संसदीय दलको नेताले मात्र सरकार गठन गर्न पाउँछ । उपधारा (२) र (५) बमोजिम संसदीय दलको नेता नभए पनि कुनै सांसदले अन्य बहुमत सांसदको समर्थन भएमा समेत सरकार गठन गर्न पाउने धारा ७६ को उपधारा (५) ले व्यवस्था गरेको छ । त्यसैले नेपाली कांग्रेसका गगन थापा वा अन्य स्वतन्त्र सांसद दलको नेता नभए पनि अन्य बहुमत सांसदको समर्थनमा प्रधानमन्त्री बन्न सक्छन् ।

नेपाली कांग्रेस र माओवादीमध्ये कसलाई सहज : प्रतिनिधिसभामा अहिले कुनै पनि दलले बहुमत ल्याउन सकेको छैन । त्यस अवस्थामा संविधानको धारा ७६ को उपधारा (२) अनुसार दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठन गर्नुपर्छ । संसद्मा कांग्रेसका ८९ जना तथा माओवादीका केवल ३२ जना सांसद भएकाले माओवादीका तुलनामा नेपाली कांग्रेसलाई सरकार गठन गर्न सहज देखिन्छ । नेपाली कांग्रेस र माओवादीले गठबन्धन बनाई निर्वाचनमा भाग लिएका भए पनि कसले पहिले सरकारको नेतृत्व गर्ने भन्ने विषयमा सहमति हुन सकिरहेको छैन । माओवादीले प्रधानमन्त्री पद आफूले लिने र राष्ट्रपतिको पद कांग्रेसलाई दिने प्रस्ताव गरेको छ भने कांग्रेसले प्रधानमन्त्री र राष्ट्रपति दुइटै आफैंले पाउनुपर्ने र दुई वर्षपछि प्रधानमन्त्री पद माओवादीलाई दिने भनेको छ । धारा ७६ का सन्दर्भमा, रणनीतिक रूपमा कांग्रेसले माओवादीलाई प्रधानमन्त्री पद दिएर राष्ट्रपतिको पद आफूले लिएर सरकार गठन गराउन सक्छ । कुनै कारणवश कांग्रेसबाहेक कुनै दलले माओवादीको सरकारलाई दिएको समर्थन संविधानको धारा १०० को उपधारा (२) बमोजिम फिर्ता लिएमा माओवादी सरकारले उपधारा (२) बमोजिम संसद्बाट विश्वासको लिन सक्नुपर्छ, लिन नसकेमा उपधारा (३) बमोजिम माओवादी सरकार ढल्नेछ र धारा ७६ को उपधारा (३) बमोजिम कांग्रेसले स्वतः सरकार गठन गर्न पाउँछ । यसबाट कांग्रेसले सरकार र राष्ट्रपति दुइटै पद आफैंले पाउन सक्छ । यो विकल्पलाई पनि कांग्रेसले अनुसरण गर्न सक्ने सम्भावना छ ।पण्डित वरिष्ठ अधिवक्ता हुन् ।सभार इकान्तिपुर

## देशभर.....

टाउको र छातीलाई चिसोबाट जोगाउन र रातको समयमा सिरक कम्बल जस्ता न्यायो कपडा ओढ्न मन्त्रालयले आग्रह गरेको छ ।

जाडो बढेसँगै तराईका कतिपय जिल्लामा हुस्सुसमेत लाग्न थालेको छ । यस्तै घरबाहिर खुला स्थानमा धेरै समय नबस्न, तातो खानेकुरा तातोपानी पिउन समेत आग्रह गरिएको छ । हिटर वा आगो ताप्दा गिजर प्रयोग गर्दा कोठामा राम्रोसँग हावा आवतजावतको व्यवस्था गर्नुपर्ने मन्त्रालयले जनाएको छ ।

'हावा आउजाउको व्यवस्था नहुँदा कतिपय अवस्थामा निस्सासिएर दुर्घटना हुनेपर्ने जस्ता घटना अवस्था आउने गरेको पाइन्छ,' उनले भने, 'त्यसैले हिटर गिजर प्रयोग गर्दा हावा आवतजावत हुने ठाउँ रहेको हुनुपर्दछ ।'

चिसोले गर्दा मुटु रोग, हृदयघात, फोक्सोमा समस्या श्वासप्रश्वास, बालबालिका तथा ज्येष्ठ नागरिकमा निमोनिया, रुघाखोकी, ज्वरो जस्ता रोगका समस्या देखिन सक्दछ ।

त्यसैगरी दूषित खाना र पानीबाट अधिकांश रोग सर्ने भएकोले खानेकुरामा ध्यान दिनसमेत मन्त्रालयको आग्रह छ ।

खानेकुरा र खानेपानी सफा भाँडामा ढाकेर राख्न, खाना बनाउनुअघि र खानुअघि साबुन पानीले राम्रोसँग हात पनि मन्त्रालयले आग्रह गरेको छ ।

## रानीघाटको.......

रानीघाटमा रहेका ४ वटा चामल गोदाममा छापामारी गरेको हो ।

गोदाम सञ्चालकहरु भने फरार भएको प्रहरीले जनाएको छ ।

बरामद चामल जिल्ला प्रहरी लैजाने काम चलिरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

## नारायणी.......

जादाजादा यो उपहार दिएर जान लागेको बताए । हाल तयार गरिएको भौतिक संरचनामा १५ मध्ये १३ वटा बिमारी र २ वटा सेरोज पोजेटिभ किड्नी बिमारीहरुलाई प्रयोग गर्न राखिएको मेसु प्रधानले बताएका छन् ।

अहिले आफुले इमर्जेन्सी डाइलेसिस समेत राखिएको जसमा निजी अस्पतालमा १२ हजार पर्छ भने यहाँ ५ हजारमा आवश्यक सामान समेत उपलब्ध गराउने बताए ।नारायणी अस्पतालमा भइरहेको डाइलेसिस सम्पूर्ण खर्च नेपाल सरकारले गर्ने भएकोले केवल इमर्जेन्सीको खर्च तोकिएको बताएका हुन ।

सरकारले जुन दिन मलाई यहाँ मेसु तोक्यो त्यो दिन देखि यो अस्पताल कसरी सुधार गर्ने भन्ने चिन्ता आफुमा दिन रात खुलदुली भइरहेको थियो अब मैले केही मानवीय काम गरेजस्तो लागेको छ यसलाई थप सुधार गरेर आउने मेसुले गर्नु पर्छ भन्ने मेरो चाहना रहेको बताए ।

निजी अस्पतालले डाइलेसिस बाट लाखौं आम्दानी कमाइरहेकोमा अब सरकारी तहमा निशुल्क सेवा पाउने भए पछि अस्पतालमा उपचार गर्न आउनेको सङ्ख्या अहिले बढन थालेको डाक्टर दिपक चौरसियाले बताएका छन् ।

## पालिका.....

प्रमुख सिगांसन साह तेली को प्रमुख आतिथ्यतामा पालिका स्तरीय ३दिने पूर्व तयारी कार्ययोजना कार्यशाला गोष्ठी कार्यक्रम समापन्न भएको हो। पालिका स्तरीय कार्यशाला गोष्ठी कार्यक्रममा ३वटा पालिका बहुदरमाई नगरपालिका,पर्सागढी नगरपालिका र बिन्दवासिनी गाउँ पालिका अन्तर्गतका सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधीहरुको उपस्थिति रहेको थियोयुनिसेफको आर्थिक सहयोग तथा एनसेट को प्राविधिक सहयोगमा विपद् व्यवस्थापन पूर्व तयारी कार्ययोजना पालिका स्तरीय कार्यशाला गोष्ठी कार्यक्रमको प्रशिक्षकमा कमल विश्वकर्मा,गणेश सुवेदी,गणेश विश्वकर्मा र पालिका कलेक्टर संयोजक गणेश बिकले प्रध्यापकहरुलाई तिन दिने प्रशिक्षण दिई कार्यक्रमलाई सहजिकरण गरि समापन गर्नु भएको छ।

## कलैया.....

**परेको तथ्याँक रहेको अवगत गराईन्। नेपाल पत्रकार महासंघक बाराका पन्नालाल दासले बाल श्रम शोषण निर्मूल पार्न कलैया उप महानगरपालिका र सरोकार संस्था मिलि ठोस रुपमा योजना बनाई यश तर्फ लाग्न सुझाएका थिए। समनरक्षण नेपालर वा हेल्प लाईनको १०९८ ले बाल बालिखो उद्वारमा महत्वपूर्ण भुमिका खेल्दै आएकोमा अब कलेयामा रहेको होटेल, ईलमको नाममा ग्यारेजमा रहेका लगायत मगन्तेको रुपमा फैलिएको विगविगिलाई बाध्यताबस वा गरिबी र अशिक्षाले निर्मुल्ताको लागि काम गर्ने जरुरी रहेको औल्याए। गैससका प्रतिनिधि सावित्री शर्मा, बारा कलैयाको प्रमुख नाका मटिअर्वाका जनप्रतिनिधि समस्यार पहलबारे बताएका थिए। कार्कमका अध्यक्षता संरक्षण नेपालका अध्यक्ष बृजमोहन कुशवाहाले गरेका थिए भन्ने स्वागत मन्तव्य पारस साहको रहेको थियो। कार्यक्रमबारे सहजिकरण लालवाबु कुशवाहाले गरेका थिए भन्ने कार्यक्रम संचालन प्रग्राम अधिकृत मुकेश कुशवाहाले गरेका थिए।**

## संसदीय.........

मुख्यमन्त्री भएको कारणले अर्को कार्यकालका लागि पनि उसैले दाबी गरेको छ । तर यसपटक पार्टी नेतृत्वको पंक्तिको ध्यान राउततिर देखिएको छैन । मुख्यमन्त्री भइसकेको कारण पुनः मन्त्रीमा जाने कुरा हुँदैन । सरकारकै नेतृत्व गर्ने अवस्था आयो भने लालबाबु राउत आफू पुनः दोहोरिने तर सरकारमा मात्र जाने अवस्था आयो भने मन्त्री नबन्ने राउतको सोच रहेको छ । त्यस अवस्थामा संसदीय दलको नेता बन्न पाए हुन्थ्यो भनि उनले पार्टीमा लबिङ सुरु गरेका छन् । उनले सम्मानका लागि भएपनि संसदीय दलको नेता आफूले पाउनु पर्ने भनि पार्टीमा कुरा राख्दै आएको जसपाका एक नेताले बताए ।

मुख्यमन्त्री राउतले अहिले संसद सम्बन्धी थुप्रै काम बाँकी रहेकाले संसदीय दलको नेता को बन्छ को बन्दैन भन्ने बेला नभएको बताए । एउटा पार्टीको प्रदेश सभा सदस्य भएको कारण संसदीय दलको नेतामा स्वभाविक दावी रहने नै छ तर पार्टीमा यसको बारेमा कुनै निर्णय नभएको उनले बताए । राउत यसअघि दुईपटक संसदीय दलको नेता भएर मुख्यमन्त्रीमा कामय थिए ।

त्यस्तै अवस्था छ सरोजकुमार यादवको । सरोजकुमार यादव यसअघि प्रदेश सभा सदस्यको सभामुख थिए । उनी भए मुख्यमन्त्री नभए सभामुखसम्म बन्ने दाउमा छन् । त्यसका लागि उनले केन्द्रमा चलेखेल सुरु गरिसकेका छन् । सभामुख भइसकेकाले उनी मन्त्री बन्ने इच्छा देखाएका छैनन् । भए मुख्यमन्त्री, त्यो नभए सभामुख त्यो पनि नभए संसदीय दलसम्मको नेता बन्ने दाउमा उनी छन् । त्यसका लागि जसपाका अध्यक्ष उपेन्द्र यादवलाई भेटेर जानकारी गराई सकेका छन् ।

समानुपातिकबाट प्रदेश सभा सदस्य बनेका मनिष सुमन पनि संसदीय दलको नेता बन्ने दाउमा छन् । उनी यसअघि तत्कालीन राजपामा हुँदा पनि मुख्यमन्त्रीका दावेदार थिए । अहिले उनी जसपाबाट समानुपातिक सांसद बनेका हुन् ।

उनी भन्छन्, 'संसद बनेपछि संसदीय दलको नेता बन्ने दावी रहन्छ नै तर पार्टीमा अहिले त्यसको बारेमा कुनै चर्चा तथा छलफल छैन, छलफल भएपछि यसमा दावी गर्ने नगर्ने कुरा हुन्छ ।' पार्टीले प्रदेशमा संसदीय दल नेताको जिम्मेवारी दियो भने त्यसका लागि आफू तयार रहेको तर अहिले पार्टीमा त्यसको कुनै चर्चा पनि नरहेको उने बताए ।

सरकारदेखि संसदसम्म, राष्ट्रपतिदेखि सभामुखसम्म कस्तो संरचना बन्छ त्यसको आधारमा प्रदेशको संरचना बन्ने भएकाले पहिला केन्द्रमा के कस्तो निर्णय हुन्छ त्यसको आधारमा प्रदेशमा तयारी हुने उनले बताए ।

यसअघि जसपाको उपनेता रहेका रामआशिष यादव यसपटक पुनः धनुषाबाट चुनाव जितेका छन् । उनले पनि संसदीय दलको नेतामा दावी गरेका छन् । उनले शीर्ष नेतादेखि अन्य सांसदहरु पनि कुरा गरिसकेका छन् । उनले भने, 'संसदीय दलको नेतामा मेरो दावी रहन्छ, यसका लागि मैले पार्टीका सांसद तथा नेताहरुसँग कुराकानी समेत गरिसकेको छु ।' आफूले विगतमा उपनेता भएर प्रदेश सभादेखि लिएर संगठनमा खेलेको भूमिकालाई लिएर पार्टीले संसदीय दलको नेता बनाउनेमा आफू विश्वस्त रहेको बताए । आफ्नो क्षेत्रमा जसपाको संगठन पनि बलियो बनाएको बताउँदै उनले जनकपुरलगायत विभिन्न ठाउँमा स्वच्छताका लागि आफूले खेलेको भूमिकाप्रति सबै सकारात्मक रहेको बताए ।

जसपाबाट मधेश प्रदेशमा प्रत्यक्षबाट लालबाबु राउत (पर्सा), सरोजकुमार यादव (बारा), राजकुमार गुप्ता (सिरहा), रामआशिष यादव (धनुषा), बच्चा राउत अहिर (बारा), सञ्जयकुमार यादव (सर्लाही), सिंहासन साह कलवार (पर्सा) र शेख अबुलकालाम आजाद (रौतहट) चुनाव जितेका छन् ।

त्यस्तै समानुपातिबाट मनिष समुन (सप्तरी), विन्दुकुमारी यादव (सर्लाही), किरणकुमारी साह (सप्तरी), शोभा देवी (रौतहट), ललिता दास (सिरहा), साहिदा खातुन (सिरहा) र ममता देवी मण्डल (धनुषा) चयन भएका छन् ।

# रुङ्गाटा क्मपलेक्समा सुविधा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय सञ्चालन

**वीरगंज २९ मंसिर ।** पर्साको बिरगंज स्थित अनिल रुङ्गाटा क्मपलेक्समा आज देखी सुविधा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय सञ्चालनमा आएको छ ।

खासगरी महिला उद्यमीको भविष्यको निर्माणसँग जोडिएको यो संस्थाको आर्थिक कारोबार सहज तरिकाले सुचारु गर्न नयाँ भवनमा कार्यालय सञ्चालनमा आएको हो । कार्यक्रमका प्रमुख अतिथि वरिष्ट समाज सेवी मुर्लीधर रुङ्गाटाले रिबन काटेर सो कार्यालयको समुद्घाटन गर्नु भएको हो।

वर्षमा ७ करोडको कारोवार गर्दै आएको यस संस्थाले अझ बढी प्रभावकारी ढंगले काम गर्ने विश्वास लिईएको छ।




कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय सहकारी बैंक बोर्डका पूर्व सञ्चालक सम्भु गुप्ताले नयाँ कार्यालय सञ्चालनमा आएको प्रति शुभकामना दिनुभयो। वहाँले यो संस्थाले वर्षौंदेखि महिलाहरुको बीचमा रहेर सेवा गर्दै आएको र यसले सहकारी संस्थाको बिचमा अलग पहिचान बनाएको बताए। उनले आगामी दिनमा पनि यस्तै किसिमले हतोमालो गर्दै अगाडि बढन शुभकामना दिए ।

अर्का विशिष्ट अतिथि जिल्ला बचत तथा ऋण सहकारी संस्थाका महासचिव विष्णु बरालले शुभकामना दिदै अझ धेरै लगानी गरेर अगाडि बढन आग्रह गरे। कार्यक्रम संस्थाका अध्यक्ष सम्मी कुमारी अग्रवालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा जिल्ला बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक अरुण कुमार साह, राष्ट्रिय सहकारी वीरगन्ज शाखाका सञ्जय कुमार महतो, सलाहकार कलिस्तर साह कानु, विनोद साह कानु लगायतको उपस्थिति रहेको संस्थाका असिवनी कुमार अग्रवालले जानकारी दिनुभयो।

# नीजी स्रोतबाट कार्यकर्त २ दर्जनभन्दा बढी शिक्षकलाई पटेर्वासुगौली गाउँपालिकाले हटायो




विरगञ्ज । पर्साको पटेर्वासुगौली गाँउपालिकाले पालिकाले सामुदायिक विद्यालयमा निजी स्रोतबाट कार्यकर्त २ दर्जनभन्दा बढी शिक्षकहरुलाई हटाएको छ ।

गाउँपालिकामा सञ्चालित ३ माध्यमिक र २१ आधारभूत गरि कूल २४ वटा विद्यालयमा निजी स्रोतबाट भुक्तानी हुनेगरी कार्यरत रहेका २ दर्जनभन्दा बढी शिक्षकहरुलाई हटाइएको हो ।

गत मंसिर २३ गते बसेको गाँउ कार्यपालिकाको बैठकले निजी श्रोतमा कार्यरत सबै २९ जना शिक्षक शिक्षिकाहरुलाई आगामी पुष १ गतेदेखि हटाउने निर्णय गरेको छ ।

गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश यादवले गत सोमबार सार्वजनिक गरेको सूचनामा गाँउ कार्यपालिकाको बैठकले गाँउपालिकाबाट प्रदान गर्दै आएको विद्यालय सञ्चालन अनुदान (निजी श्रोत अनुदान) आगामी पुष १ गतेबाट रोक्का गर्ने निर्णय भएको उल्लेख छ । गाँउपालिकाले विद्यालय नपुग शिक्षकको व्यवस्थापन गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय पनि गरेको जारी सूचनामा उल्लेख छ ।

गाँउपालिका अध्यक्ष दिनेश चौधरीले यसअघिका जनप्रतिनिधी र कर्मचारीले विधालयहरुमा आवश्यक प्रकृया नै पुरा नगरि हचुवाका भरमा निजी श्रोतमा शिक्षकहरु नियूक्त गरेकाले उनिहरुलाई हटाउने निर्णय गरिएको बताए ।

चौधरीले भने, 'निजी श्रोतमा नियूक्त गरिएका शिक्षकहरु कसैको पनि शिक्षण अनुमति पत्र (लाइसेन्स ) नै छैन, लेखा परिक्षणमा अडिटरले मान्दै । नियूक्त यसरी उनिहरुको तलब सुविधा मात्रै वर्षेनी ५० लाख भन्दा बढि रकम खर्च भएको देखिन्छ ।

छानबिनका क्रममा निजी श्रोतमा नियूक्त शिक्षकहरुलाई नियूक्ति गर्दा बखत पालिका र विद्यालयले कुनै पनि कागजात नै नमागेको, विधी र प्रकृया मिचेर हचुवाका भरमा नियुक्त गरेको पाइएकाले पुष १ गतेदेखि ती सबै शिक्षकहरुलाई हटाउने निर्णय गरिएको अध्यक्ष चौधरीले बताए ।

# बिन्दबासिनीको बटसौरामा विद्यालय भवनको शिलान्यास ।

वीरगन्ज । पर्साको बिन्दबासिनी गाउँपालिका वार्ड नम्बर ५ बटसौरामा रहेको श्री नेपाल रास्ट्रिय प्राथमिक बिधालयमा नयाँ भवनको लागि आज एक कार्यक्रमका बिच गाउँपालिका अध्यक्ष प्रमोद तिवारीले पुजापाठ गरि शिलान्यास गर्नु भएको छ। गाउँपालिकाको सहयोगमा नेराप्राबी बटसौरामा चार कोठे ( दुई कोठे दुई तल्ले) भवन निर्माणको लागि आर्थिक वर्ष ०७९/८० मा बजेट छुट्याइएको थियो ।

सो बजेटबाट बटसौरामा बिधालय भवन निर्माण हुन लागेको गापा अध्यक्ष तिवारीले बताए । सिलान्यास कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजु साह , लेखा अधिकृत मिथलेश कुशवाहा , प्राबिधिक शाखाका नागेन्द्र कुशवाहा , विशाल जैसवाल , प्रधानध्यापक ललन पाण्डे , शिक्षक प्रवेश तिवारी लगाएत धेरै जनाको सहभागिता रहेको थियो।



# संसदीय दलको नेता बन्न जसपा प्रदेश सांसदहरूको दौडधुप ।



काठमाडौं । जनता समाजवादी पार्टी नेपालको मधेस प्रदेशमा संसदीय दलको नेता बन्ने दौडधुप सुरु भएको छ । मधेस प्रदेशमा प्रत्यक्षबाट नौ र समानुपातिकबाट सात गरी जसपासँग १६ सांसद छन् । केन्द्रदेखि प्रदेशसम्म सरकार बनाउने चर्चा सुरु भएपछि संसदीय दलको नेता बन्नका लागि सो पार्टीमा दौडधुप सुरु भएको छ ।

मधेस प्रदेशका मुख्यमन्त्री लालाबाबु राउत, निवर्तमान सभामुख सरोज यादव, मनिष सुमन, रामअशिष यादव, राजकुमार गुप्ता संसदीय दलको नेता बन्ने पहल गरिरहेका छन् । लगभग जसपा नेपाल गठबन्धन सरकारमा सहभागी हुने निश्चित छ । सहमति भयो भने मधेस प्रदेशको सरकारको नेतृत्व नै गर्ने तयारीमा छ जसपा नेपाल ।

लालबाबु राउत

***बाँकी तेश्रो पृष्ठमा***

## अमेरिका......

क्षेत्रहरूको न पहिचान फेरिएको छ, न त नाम नै। इतिहासको जगेर्ना गर्नु आफ्नो नैतिक दायित्व ठान्ने अमेरिकीहरू नेता, नागरिक र यहाँको सार्वजनिक तथा निजी क्षेत्रबाट हामी नेपालीले सिक्नुपर्ने तमाम कुराहरू छन्। सुशासन, पारदर्शिता, जवाफदेहिता र जनताप्रतिको उत्तरदायित्व अमेरिकी लोकतन्त्रका सुन्दर पक्षहरू हुन्। आफ्नो पालो नआउञ्जेल हरेक क्षेत्रमा धैर्यपूर्वक कुर्ने, पहिले अरूलाई मौका प्रदान गर्ने 'आफ्टर यु' को संस्कार, हरेक कार्यक्रम पूर्वनिर्धारित समयमा सञ्चालन गर्ने र तोकिएको समयमा कार्यक्रमस्थलमा पुग्ने अमेरिकीहरूबाट अनुशासन र समयको महत्त्व बाँकी विश्वले सिक्नुपर्ने कुरा हुन्।

अमेरिकालाई दुश्मन ठान्नेदेखि प्रतिस्पर्धामा उत्रिएका विश्वका तमाम मुलुकहरूले अमेरिकाको अर्थतन्त्र र विकासलाई पछ्याइरहेका छन्। तिनै देशका नागरिकका लागि पनि अमेरिका सपनाको देश मानिन्छ। व्यक्तिको सम्पत्ति माथिको अधिकार र नागरिक स्वतन्त्रताबिनाको विकास जतिसुकै चरमचुलीमा पुगेको दाबी गरिए पनि तिनै मुलुकका नागरिकहरू खासगरी आधुनिक पिँढीका युवाहरू अमेरिका भनेपछि त्यसै हुरुक्क भएका होइनन्। कहिल्यै सूर्यास्त नहुने ब्रिटिस साम्राज्य हाल सानो युनाइटेड किङडमको रूपमा खुम्चिन बाध्य भएको छ। न्युयोर्क सिटी अमेरिकाको पहिलो राजधानी पनि मानिन्छ, जहाँ संविधान पारित भएपछि पहिलो अमेरिकी राष्ट्रपति जर्ज वासिङ्टनले अप्रिल ३०, १७८९ मा न्युयोर्कको ओल्ड सिटी हलको बाल्कोनीमा शपथ लिएका थिए।

पछि सन् १७९१ मा १० वर्षको लागि राजधानी न्युयोर्कबाट फिलाडेल्फिया, त्यसपछि जुन ११, १८०० मा त्यहाँबाट हालको स्थान वासिङ्टन डीसीमा स्थायी रूपमा राजधानी सार्ने कार्य भयो।

स्थायी राजधानी वासिङ्टन डीसी भए पनि अमेरिकीहरू भने न्युयोर्कलाई संसारकै राजधानी मान्छन्। जहाँ सबै भाषा, धर्म र संस्कृति, रहनसहन, भेषभूषाहरू आफ्नै मौलिकतामा बाँचेका छन्। आफ्नो पहिचान र आत्मसम्मानका साथ निर्भयतापूर्वक स्वतन्त्र रूपमा बाँच्न पाउने स्वतन्त्रताको रसास्वादन गरिरहेका छन् त्यो नै अमेरिकाको सुन्दर पक्ष हो, जुन संसारमा कहीँ पाइँदैन।

अमेरिकी प्रजातन्त्रको अर्को महत्त्वपूर्ण पक्ष आवधिक निर्वाचन हो। स्वतन्त्र र निष्पक्ष रूपमा सम्पन्न हुने निर्वाचन प्रक्रियामार्फत चुनिएको व्यक्तिलाई शान्तिपूर्वक स-सम्मान सत्ता हस्तान्तरण गरिनु पनि अमेरिकाबाट बाँकी विश्वले सिक्नुपर्ने कार्य हो। गुण र दोष एवं काम र योगदानका आधारमा सरकारको मूल्यांकन गरी दोस्रो पटकलाई उही दल वा उम्मेदवारलाई अनुमोदन गर्ने वा नगर्ने नागरिकको वैयक्तिक स्वतन्त्रताको सर्वोत्कृष्ट अभ्यास त्यहाँ भएको पाइन्छ। यही नै हो लोकतन्त्रको सुन्दर पक्ष, जहाँ नागरिक स्वतन्त्रता सर्वोपरि मानिन्छ। सन् १७८७ मा निर्मित १७८९ देखि लागू भएको संसारकै लामो अवधि कायम रहेको अमेरिकी संविधान संसारकै छोटो भए पनि अत्यन्तै उत्कृष्ट मानिन्छ। जसले संविधानद्वारा प्रदत्त अधिकार प्रयोग, उपयोग र उपभोग गर्न जो कोहीलाई पनि स्वतन्त्रता प्रदान गरेको छ।

आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको हकको सीमा अतिक्रमण नगर्ने अमेरिकी परम्परा संसारमै अनुकरणीय छ। नागरिकमात्र नभई हरेक व्यक्ति अमेरिकामा कानुनी दायरामा रहेर स्वतन्त्रतापूर्वक आफूले चाहेको जीवन बाँच्न पाउँछ। यस पटकको आईभीएलपीले अमेरिकाको निर्वाचन प्रणाली र त्यही प्रणालीमा हुर्किएको अमेरिकाको लोकतन्त्र नजिकबाट चियाउने अवसर दिलायो। नेपालमा यूएसएआईडी, एमसीसी नेपाल र विश्व बैंकका प्राथमिकताका क्षेत्रहरू र उनीहरूका भावी कार्ययोजनाहरू जान्ने, बुझ्ने र ती संस्थाका बारेमा नेपालमा उठिरहेका भ्रम र जिज्ञासाहरू सम्बन्धित उच्च अधिकारीहरूसँग राख्ने मौका पनि मिल्यो। मिसइन्फर्मेसन र डिसइन्फर्मेसनका स्वरूपहरू र तिनले नेपालको राजनीति, ठूला परियोजना र राष्ट्रिय महत्त्वका विषयमा पारिरहेको प्रभावबारे जानकारी लिने अवसर मिल्यो।

मिसइन्फर्मेसन र डिसइन्फर्मेसन

भनिन्छ, सही सूचना तीन वर्षमा तीन जनाले सुन्छन् र त्यसमध्ये दुईजना विश्वास गर्दैनन्, तेस्रो व्यक्ति पनि हो कि होइन भनेर अन्योलमै रहन्छ। तर गलत सूचना भने तीन मिनेटमा तीन जनाले सुन्छन् र तीनैजनाले विश्वास गर्छन्। त्यसैले मान्छेहरू आफ्नो अनुकूल वा अरूलाई प्रतिकूल हुनेगरी गलत सूचना विभिन्न माध्यमबाट प्रवाह गर्छन् र समाजलाई दिग्भ्रमित गर्छ। यसरी जानाजान गरिने गलत सूचना र प्रोपोगण्डालाई डिसइन्फर्मेसन भनिन्छ। यो नियतवश गरिने कार्य हो।

अञ्जानमा गलत सूचना प्रवाह हुन जानु मिसइन्फर्मेसन हो। नेपालजस्तो विकासोन्मुख मुलुकमात्र होइन, अमेरिकाजस्तो संसारकै महाशक्ति र अति विकसित मुलुक पनि मिसइन्फर्मेसन र डिसइन्फर्मेसनबाट प्रभावित हुने गरेको रहेछ। त्यसैले त अमेरिकाका लागि पनि यो चासो र चिन्ताको विषय बनेको छ। आईभीएलपीको विषय नै गलत सूचनाको पहिचान तथा त्यसको व्यवस्थापनसम्बन्धी दृष्टिकोण तय गरिनुले पनि अमेरिकाले यसलाई कति गम्भीरतापूर्वक लिएको रहेछ भन्ने कुराको संकेत गर्छ। मिसइन्फर्मेसन, डिसइन्फर्मेसन र मालइन्फर्मेसनको प्रभावबाट अमेरिका पनि अछुतो रहेनछ। अझ निर्वाचनको समयमा हुने डिसइन्फर्मेसनको असरले पछिल्लो राष्ट्रपतीय निर्वाचनमा के-कति असर पुर्‍यायो, त्यो जगजाहेर छ।

नागरिक, समाज, राष्ट्र र विश्वलाई नै विभाजन गर्ने र द्वन्द्व निम्त्याउने यस्ता घातक प्रयोगहरूलाई रोक्न सञ्चारमाध्यम र सञ्चारकर्मीहरूले अपनाउनुपर्ने सावधानी त छँदैछ, यसमा सञ्चारकर्मीहरू चनाखो हुन पनि उत्तिकै आवश्यक छ। आमसञ्चार पढाइ हुने विश्वविद्यालयहरूका प्रोफेसर हुन् वा अमेरिकाका अग्रणी सञ्चारगृहका सम्पादकहरू हुन्, सबैको चासो र चिन्ता यही छ।

कसरी यसको प्रभावबाट मिडियालाई जोगाउने ? राष्ट्र, राष्ट्रियता, राष्ट्रवाद जो अत्यन्त संवेदनशील र हरेक नागरिकका लागि आफ्नो ज्यानभन्दा प्रिय हुन्छ। यी विषयमा मात्र होइन निर्वाचन, विकासका ठूला परियोजना, अन्तर्राष्ट्रिय महत्त्वका सन्धि, सम्झौता र विभिन्न देशहरूबीच हुने साना-ठूला सबै खाले सम्झौताहरू कसरी गिजोलिन्छन्।

कसरी डिसइन्फर्मेसनबाट ती प्रभावित हुन्छन् ? यस्ता महत्त्वपूर्ण विषयलाई मिसइन्फर्मेसनले कति असर गरिरहेको हुन्छ ? यसका विषयमा अमेरिकी विदेश मन्त्रालय, विश्व बैंक, यूएसएआईडीका उच्च अधिकारी, विश्वविद्यालयका प्रोफेसर र ठूला सञ्चारगृहका सम्पादकहरूसँगको छलफल आफैंमा निकै महत्त्वपूर्ण थियो, जो मेरो पत्रकारिता जीवनका लागि नयाँ अनुभव थियो। एमसीसी के हो ? के होइन ?

एमसीसीले नेपालमा मात्र नभएर संसारभरि कसरी काम गर्छ ? यसको उद्देश्य के हो ? सतहमा आएका विवाद र भ्रमभन्दा फरक हो वा होइन ? यूएसएडले नेपालमा कसरी काम गर्छ ? उसका प्राथमिकताका क्षेत्रहरू के-के हुन् ? विश्व बैंकले नेपालको अर्थतन्त्र र वर्तमान अवस्थालाई कसरी नियालिरहेको छ। संकटोन्मुख मानिएको नेपालको अर्थतन्त्रप्रतिको उसको बुझाइ कस्तो छ ?

प्रवासमा नेपाल

प्रवासमा आफ्नोपन कस्तो हुन्छ ? कसैले नेपालीमा बोलेको सुने पनि बोलुँ-बोलुँ लाग्ने ? घर कहाँ हो सोधुँ-सोधुँ लाग्ने ? केही समय प्रवास बस्दा महसुस हुन्छ ? देश के हो ? त्यही प्रवासमा मिल्ने न्यानो स्वागत र स्नेहले मन प्रफुल्ल नहुने कुरै भएन ?

जब मान्छे घरबाट टाढा जान्छ। तब उसलाई घरको महत्त्व थाहा हुन्छ। भाषा, धर्म, संस्कृतिको महत्त्व पनि जब मान्छे अल्पमतमा हुन्छ, तब थाहा हुन्छ।

अमेरिकामा बस्ने नेपालीहरूले भाषा, धर्म, संस्कृति जोगाउन गरिरहेको प्रयत्नले त्यही कुराको अनुभूति हुन्छ। भुटानी होस् वा बर्मिज, त्यो नेपाली भाषी भारतीय नै किन नहोस् ? नेपाली भाषाले सबैलाई जोडेको छ।

देशको भूगोल र दायराभन्दा माथि छ उनीहरूको सम्बन्ध। नेपाली भाषी भनेपछि उनीहरू हुरुक्कै हुन्छन्। अमेरिकाका विभिन्न राज्यमा जाँदा त्यहाँ नेपाली भाषीहरूबाट पाएको न्यानो माया, स्नेह र सम्मान मेरो जिन्दगीका मीठा पलहरू हुन्, दुई दशक लामो पत्रकारिता जीवनबाट कमाएको सबैभन्दा ठूलो पुँजी पनि त्यही हो।

अमेरिकाको एक महिना बसाइको क्रममा अमेरिकामा रहेका नेपाली र नेपाल बाहिरका नेपालभाषी दाजुभाइ दिदीबहिनीहरूले मप्रति देखाएको आत्मीयता, सम्मान र सत्कारप्रति आभारी र गौरवान्वित छु। विदेशमा बस्दा पनि नेपाल र नेपालीप्रति उहाँहरूको चिन्ता, नेपालमा अमेरिकाजस्तै विकास र समृद्धिको ल्याई नेपाल र नेपालीको शिर उँचो बनाउने उहाँहरूको सपनाप्रति नतमस्तक छु।

उहाँहरूको सपना साकार पार्न सदा सत्ताको छानाझपटीमा घम्साघम्सी गरी नेपालमा शासनसत्ताको बागडोर सम्हाल्ने अधिपतिहरूलाई ईश्वरले सद्बुद्धि दिऊन्।**साभार अन्नपूर्णपोष्ट्**